प्रतिदिन १६ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY






वर्ष-१६ ।। अङ्क : १६६ ॥ २०८१ श्रावण ११ गते शुक्रबार (26th Jul 2024 Friday) Pratidin National Daily मूल्य-रु.५/-


# साउनभरि कालोपत्रे सक्ने सहमति, चक्काजाम फिर्ता



झापा(प्रस) । धौला पुलदेखि देउनिया चोकसम्मको सम्पूर्ण कालोपत्रे गर्ने कार्य बर्खाले अवरोध नभएमा साउन मसान्तसम्म सक्नेलगायतका पाँच बुँदे प्रतिवद्धता जनाएपछि स्थानीयले बिर्तामोड- भद्रपुर सडकखण्डको बन्द फिर्ता लिएका छन् । जिल्ला प्रशासन कार्यालयमा भएको छलफलमा पाँच बुँदे सहमतिसँगै दुई दिनदेखिको अवरोध बिहीवार बेलुकादेखि हटेको हो। सहायक प्रमुख जिल्ला अधिकारी विश्वराज नेपालसहित , सडक डिभिजन कार्यालय झापाका प्रतिनिधि ,वडाध्यक्ष , स्थानीयसहितको छलफलमा त्यस्तो सहमति भएको हो । धौला पुलदेखि देउनिया पुलसम्मको सडकखण्डको उत्तरपट्टिको लेनमा साउन ११ गतेबाट सबबेस , ग्रेडर , रोलर पानीटंकी प्रयोग गरी करेक्सन गर्ने , चियावारी कल्भर्टदेखि देउनिया चोकसम्म बाँकी रहेको निर्माण कार्य गर्न सर्वप्रथम बेस करेक्सन गरी बेस कोर्सको सम्पूर्ण मापदण्ड पुऱ्याई तथा अस्पार सम्बन्धी quality assured गराई निर्माण कार्य अघि बढाउने , दक्षिणपट्टि बेस करेक्सन गर्ने कार्य उत्तरपट्टिको सबवेस करेक्सन गर्ने कार्य सकिनासाथ सुरु गर्ने , निरन्तर रुपमा पानीटंकी प्रयोग गरी धुलो मार्ने कार्य गर्नेलगायतका प्रतिवद्धता सडक डिभिजन कार्यालय दमकले जनाएको छ ।

छलफलमा सडक डिभिजन कार्यालय दमक झापाका इन्जिनियर किरण श्रेष्ठ, प्रज्वल खतिवडा, सहायक इन्जिनियर नरेन्द्रकुमार माझी, बिर्तामोड-८ का वडाध्यक्ष अजय कार्की, स्थानीय हरि पाण्डे, अनिल गौतम, राजन खरेल, इन्द्रकमल पौडेल, गोबिन्द पाठकलगायतको उपस्थिति रहेको थियो । बुधवार बिहान सवा ९ बजेदेखि बिर्तामोड - चन्द्रगढी सडकखण्डमा बाँस र ढुङ्गा राखेर उनीहरुले सडक अवरुद्ध शुरु गरेका थिए । बुधवार दिउँसो ४ बजेदेखि प्रहरीले अवरोध हटाएकोमा बिहीवार बिहानदेखि स्थानीयहरुले फेरि अवरोध गरी सवारीसाधन चल्न दिएका थिएनन् । सडक निर्माणको कार्यमा ढिलासुस्ती भएको, धुँवा धुलोले दैनिक जीवनयापन कष्टकर भएको भन्दै बिर्तामोड ८ का वडाध्यक्ष कार्कीको नेतृत्वमा स्थानीयहरुले चक्काजाम गरेका थिए ।

# अटो र मोटरसाइकल ठोक्किदा पाँचजना घाइते


झापा(प्रस) । झापाको मेचीनगरमा अटो र मोटरसाइकल एकापसका ठोक्किदा पाँचजना घाइते भएका छन् ।
बिहीवार बिहान ११.४५ बजेतिर मेचीनगर १३ स्थित सडकखण्डमा उत्तरबाट दक्षिणतर्फ आउँदै गरेको मे ११ प १९०५ नम्बरको मोटरसाइकल र मे १ च ८५४३ अटो एकापसमा ठोक्किएर दुर्घटना भएको हो ।



दुर्घटनामा मोटरसाइकल चालक बुद्धशान्ति २ बस्ने २३ वर्षीय अनुराग पोखरेल , पछाडि सवार सोही ठाउँ बस्ने २३ वर्षीय मनोज मगर, अटोचालक बुद्धशान्ति २ बस्ने ४२ वर्षीय केशव भण्डारी , अटोमा सवार सोही ठाउँ बस्ने ४२ वर्षीय इन्द्रप्रसाद रिजाल र ४३ वर्षीय यमबहादुर रिजाल घाइते भएका छन् । घाइतेहरुको बीएण्डसी अस्पताल बिर्तामोडमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

# करेन्ट लागेर झापामा दुई युवाको मृत्यु

झापा(प्रस) । झापामा करेन्ट लागेर दुई जनाले ज्यान गुमाएका छन् ।
पाँचथर घर भई झापाको मेचीनगर नगरपालिका-१२ मा बस्दै आएका ३० बर्षीय सन्दिप तुम्बाम्फोको बुधवार साँझ करेन्ट लागेर मृत्यु भएको हो । घरमा पंखा जोड्ने क्रममा करेन्ट लागेर घाइते भएका तुम्बाम्फोको बीएण्डसी अस्पताल बिर्तामोडमा उपचाको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।
त्यस्तै बुधवारै राति १० बजे



कचनकवल गाउँपालिका-४ केचनाका ललन साहका १५ बर्षीय छोरा बिशाल साहको पनि करेन्ट लागेर मृत्यु भएको छ । घरको बरण्डामा रहेको टिनको छानो छुँदा करेन्ट लागेर बेहोस भएको साहलाई प्राथमिक स्वास्थ्य केन्द्र बनियानी पुर्याउनसाथ डाक्टरले मृत घोषित गरेका थिए ।

त्यस्तै बुधवार अपरान्ह उदयपुरको उदयपुरगढी गाउँपालिका-६ ओदालेका २६ बर्षीय राजीवकुमार मगरको आफ्नै धान बालीमा मोटरबाट पानी लगाउने क्रममा करेन्ट लागेर मृत्यु भएको छ । घटना सम्बन्धमा सम्बन्धित प्रहरी कार्यालयहरुबाट थप अनुसन्धान भइरहेको जनाइएको छ ।

# जग्गाको विषयमा विवाद हुँदा ११ जना घाइते

झापा(प्रस) । झापाको बाह्रदशीमा जग्गाको विषयमा विवाद हुँदा दुई पक्षका ११ जना घाइते भएका छन् ।
बिहीवार बिहान ११.३० बजेतिर बाह्रदशी -३ स्थित राधानगरमा सोही ठाउँ बस्ने पर्शुराम साह र रेखानन्द साहबीच जग्गाको विषयमा विवाद हुँदा दुबै पक्ष बाँस, लाठी र घरेलु हतियारसहित झडपमा उत्रिएका थिए । रेखानन्द साहले खेती जोताउन ट्रयाक्टर ल्याएको र पर्शुराम साहले रोक्न खोज्दा दुवै पक्षबीच झडप भएको थियो ।




झडपमा निम्न मानिसहरु घाइते भएका छन् । बाह्रदशी ३ बस्ने बर्ष ३० का अजयकुमार शाह (टाउकोमा चोट, बोल्न सक्ने , सोही ठाउँ बस्ने बर्ष ४० का नितानन्द साह, टाउकोमा चोट, बोल्न सक्ने) ,बर्ष ४० का रेखानन्द साह( अनुहारमा चोट, बोल्न सक्ने) ,बर्ष ३६ की चाँदनी साह (शरीरको भित्री भागमा चोट, बोल्न सक्ने) , बर्ष ५६ की पद्मादेवी साह( शरीरको भित्री भागमा चोट, बोल्न सक्ने) ,बर्ष ८० का बिष्णुप्रसाद साह (टाउकोमा चोट, बोल्न सक्ने) , बर्ष २२ का महानन्द साह( शरीरको भित्री भागमा चोट, बोल्न सक्ने ), पर्शुराम साहका छोरा बर्ष १६ का संजीब साह( शरीरको भित्री भागमा चोट, बोल्न सक्ने) ,बर्ष ५४ का पर्शुराम साह( टाउकोमा चोट, बोल्न सक्ने) ,बर्ष १७ का बिवेक साह( शरीरको भित्री भागमा चोट, बोल्न सक्ने ) र बर्ष ५४ का मुनाखरी साह(शरीरको विभिन्न भागमा भित्री चोट, बोल्न सक्ने) रहेका छन् ।उनीहरुलाई उपचारका लागि बीएण्डसी अस्पताल बिर्तामोड ल्याइएको छ ।

ऐलानी जग्गाको विषयमा दुवै साह परिवारबीच विवाद रहँदै आएको छ । दुवै पक्षलाई बिहीवार छलफलका लागि इलाका प्रहरी कार्यालय राजगढमा बोलाइएकोमा छलफलमा नआई उनीहरु झडपमा उत्रिएको सई राजेन्द्र शर्माले बताए ।
उनले झडपलाई साम्य बनाई घाइतेहरुलाई उपचारका लागि एम्बुलेन्समा हालेर बिर्तामोडतर्फ पठाएको जानकारी दिए । ऐलानी जग्गाको विषयमा दुवै परिवारबीचको विवादलाई धेरै पटक मिलाउन प्रयास गरिएको तर, मिलाउन नसकिएको वडाध्यक्ष टंक साहले बताए । उनले दुवै पक्षबीच अदालतमा मुद्धा चलिरहेको जानकारी दिएका छन् ।

# लोक गायक एलपी जोशीको निधन

झापा(प्रस) । पूर्वका चर्चित लोक गायक एलपी जोशीको निधन भएको छ । बिहीवार राति ८.३० बजे दमकस्थित लाइफलाइन हस्पिटलमा उनको निधन भएको हो । दमक १ निवासी जोशीले 'रिटिङ रिटिङ नबजाउ बिनायो....वल्लो



खोलो पल्लो खोलो...'जस्ता चर्चित लोक गीत गाएका थिए । एल.पी.जोशीको पूरा नाम लक्ष्मीप्रसाद जोशी हो । उनी नेपाली लोकगीत क्षेत्रमा पूर्वेली लोकगीतका एक लोकप्रिय गायक कलाकार हुन् । उनले आफै संकलन गरेर रेडियो नेपालमा गाएका गीतहरु कालजयी भएका छन् ।

# हेलमेटभित्र ब्राउनसुगर लुकाएर ल्याउने लिम्बू पक्राउ

झापा(प्रस) । मोटरसाइकलको हेलमेटभित्र ब्राउनसुगर लुकाएर ल्याउने कमल गाउँपालिका वडा नं.४ बस्ने ४१ वर्षीय धनबहादुर लिम्बू पक्राउ परेका छन् । बुधवार साँझ ६ बजे मेचीनगर नगरपालिका वडा नं.६ स्थित पुरानो मेची पुलमा लागूऔषध नियन्त्रण ब्युरो काँकरभिट्टा र इलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट खटिएको प्रहरी टोलीले भारतबाट नेपालतर्फ आउँदै गरेका बा.५३ प.१२४५ नम्बरको मोटरसाइकल चालक लिम्बूलाई शंका लागेर चेकजाँच गर्दा प्लाष्टिकमा पोका पारी हेलमेटभित्र लुकाएर राखेको प्लाष्टिकसहित २ ग्राम ७५० मिलिग्राम ब्राउनसुगर फेला परेको थियो । लिम्बूलाई नेपाली नगद १० हजार र मोटरसाइकलसहित नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय काँकरभिट्टामा राखी थप अनुसन्धान जारी रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।
योसहित झापा, सुनसरी र धनकुटा जिल्लाको बिभिन्न स्थानहरुबाट

❖ बाँकी अन्तिम पृष्ठमा

# ठूलो परिमाणको बेवारिसे गाँजा बरामद

मोरङ(प्रस) । कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगरको अनुसन्धान समूह(पीआइटी) र लागूऔषध नियन्त्रण ब्युरो बिराटनगरबाट संयुक्त रुपमा खटिएको प्रहरी टोलीले ठूलो परिमाणको बेवारिसे




गाँजा बरामद गरेको छ ।
बिहीवार बिहान बिराटनगर महानगरपालिका-११

❖ बाँकी अन्तिम पृष्ठमा

# बैंकले तनाव दिएपछि एक व्यवसायी झुन्डिए !



बिर्तामोड(प्रस) । बैंकले मानसिक तनाव दिएपछि बिर्तामोडका एकजना व्यवसायीले झुन्डिएर आत्महत्या गरेको परिवारले आरोप लगाएका छन् । बिर्तामोड ४ स्थित पुरानो सगरमाथा टोल बस्ने ३४ वर्षीय शैलेस साहले आफ्नै घरको दोस्रो तलाको कोठामा पासो लगाएर आत्महत्या गरेका हुन् । शैलेशका बुबा विनोद साहले छोरा झुन्डिएको देखेपछि प्रहरीलाई खबर गरेका थिए । शैलेश साहले बिर्तामोड ४ स्थित भद्रपुर रोडमा कस्मेटिक पसल संचालन गर्दै आएका थिए। बिर्तामोडको एक बैंकबाट २५ लाख रुपैयाँ ओडी कर्जा लिएको र कर्जा भुक्तान गर्न बैंकले पटकपटक फोन गरेर ताकेता गरेपछि छोराले मानसिक पीडा सहन नसकी आत्महत्या गरेको मृतकका बुबा विनोद साहले बताए। तर, बैंकले भने परिवारको आरोप अस्वीकार गर्दै आफूहरूले कुनै पीडा नदिएको जनाएको छ। त्यस बैंकका कर्जा प्रमुखले भने, " उहाँ नियमित ऋणी हुनुहुन्छ , हामीले कर्जा भुक्तानीका लागि पत्र पनि पठाएका छैनौ ।" मृतकको शवलाई पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल भद्रपुर पठाएको इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी प्रकाश विष्टले बताए ।

# आरन पेशाबाट परिवार धान्न समस्या

• लक्ष्मी उप्रेती

मेचीनगर । झापा मेचीनगर–७ का यमबहादुर विश्वकर्माको उमेर तीन कोरी नाघिसकेको छ । चारजनाको परिवारसहित बस्दै आएका यमबहादुरले आरन नचलाए उनको घरको विहान बेलुकाको चुलो बल्दैन । त्यसकारण पनि उनको बुढो शरीरले खासै आराम पाउँदैन । अब त उनको बुढ्यौली शरीरमा तागतसमेत घट्दै गएको छ ।

आरन चलाउनु उनको पुर्ख्यौली पेशा नै हो । तर, पछिल्लो समयमा बढ्दै गएको आधुनिकीकरणले आरन लोप हुँदै गएकोमा उनी चिन्तित छन् । आरन समयानुसार आधुनिक र व्यावसायिक बनाउन नसक्दा हराउन थालेको हो । आगो, धुवाँ, धुलो र फलामसँग रमाउनु यमबहादरका लागि सामान्य बनिसकेको छ । त्यसैमा उनी रमाउँछन् ।



यमबहादुरले ७ वर्षको उमेरदेखि नै आफ्ना बाबुबाजेसँग आरनमा काम गर्न थालेका थिए । आरनबाट हँसिया,कुटो, कोदालो, बञ्चरो, चुलेंसी, कुमा, हतौडा, घट्टको बियो, लौरेसीजस्ता फलामे औजार बनाउने सीप सिके । जुन सीप अहिले यमबहादुरको परिवार पाल्ने मुख्य माध्यम बन्यो ।

यही आरनबाट उत्पादन भएको सामग्री बिक्री गरेर प्राप्त रकम नै उनको मुख्य आम्दानीको स्रोत हो । जुन आम्दानीले उनले परिवार चलाउँदै आएका छन् । चार दशकभन्दा लामो समयदेखि खुकुरी, हँसिया, कुटो, कोदालो, बञ्चरोलगायतका कृषि औजार निर्माण गर्ने पेशालाई निरन्तर अँगाल्दै यमबहादुरले परम्परागत सीपलाई अहिलेसम्म जोगाउँदै आएका छन् ।

'दुई छोरी र श्रीमतीसहितको परिवार यही परम्परागत पेशाबाट धान्दैं छु ' चुलेसी बनाउन फलाम पिट्दैं गरेका यमबहादुरले उचालेको हम्मर भुइँमा राख्दैं , कालो भेष्टको बाहुलाले अनुहारको पसिना बुझ्दै भने,' तर, अहिले अत्याधुनिक हतियारको विकास र कच्चा पदार्थको अभावले पुर्ख्यौली पेशा संकटमा पर्न थाल्यो ।'

हातमा उठेको ठेला देखाउँदै यमबहादुरले भने,'कसैले पनि सीप र कलाको सम्मान गरेनन् । कसैको सहयोग छैन । तालिम र आरनको संरक्षणका लागि आफ्नो सीप र कलाको संरक्षण गर्न स्थानीय सरकारले आर्थिक सहयोग गर्नुपर्छ । आरनलाई आधुनिकीकरण गर्न नसक्दा परम्परागत ढंगले आरन चलाउन बाध्य बनेका छन् ।'

विशेष गरी दलित समुदायका मानिसले अँगालेको यस पेशाप्रति समयसापेक्ष खासै फाइदा नदेखिएपछि यो पेशा संकटमा परेको उनको बुझाई छ । 'मेरो बाबु, बडाबुबा, काकाकोमा मात्र सातवटा आरन थिए ' उनले भने,'अहिले सबै हराए । मैले मात्र बाउबाजेको बिडो थाम्दैं छु हाम्रा छोरा, भतिज, भाईहरुले यसलाई समाएनन् बरु परदेशतिर लागे ।' आफ्ना सन्तानलाई पनि यही पेशामा आवद्ध गराउन नसकेको उनले बताए । यसरी आरन चलाएर गुजारा गर्नेलाई समाजले समेत फरक दृष्टिकोणले हेर्ने गरेको उनको गुनासो छ । पाँचथर मिक्लाजुङ–१ बाट झापाको मेचीनगर बसाईसरि आएका यमबहादुर यहि पेशाबाट मासिक १५ देखि २० हजारसम्म आम्दानी हुने गरेको बताउँछन्। जुन आम्दानी उनको परिवार पाल्ने माध्यम बनेको छ ।

अरु समयको तुलनामा चाडपर्वका बखत उनकोमा काम निकै आउँछ । त्यसबेला बनाइएका सामग्री बेचेर दशैंलगायतका चाडपर्व मनाउँदै आएको यमबहादुर बताउँछन् । अहिले फलामका सामग्रीको बजार समेत साँगुरिएको छ भने उत्पादित सामग्रीको बजारको समस्या छ । राम्रो आम्दानी नहुने भएपछि आफ्ना समुदायका युवाहरूले आरन पेशा छाड्दै गएको र पम्परागत पेशाभन्दा पनि वैदेशिक रोजगारका लागि आकर्षित बन्न थालेको उनले स्पष्ट पारे । नयाँ पुस्ताले पेशा छाड्दै गएका कारण आरन हराउँदै गएको उनको भनाई छ। 'दिनभर फलाम पिटेर ज्याला नपाउँदा परिवार पाल्नै मुश्किल हुन्छ ' काँकरभिट्टका हेरेराम विश्वकर्माले भने । थुप्रै पेशामा समय अनुसार परिवर्तन आएपनि आरन पेशामा भने परिवर्तन हुन नसकेको गुनासो गर्दै हेरेरामले भने,'अब आरन पेशा व्यावसायिक बनाउन, पेशालाई सम्मान हुने वातावरण सिर्जना गर्न सरकारले सहयोग गर्नुपर्छ । ' कुनै बेला घरबार धान्ने गतिलो माध्यम बनेको यो आरनबाट अहिले परिवार धान्न समस्या छ । देशभरिका आरनहरुको संरक्षणका लागि स्थानीय तहले आर्थिक सहयोग गर्नुपर्ने उनको माग छ । 'यसो भएमात्र आफूसँग भएको सीप र कला नयाँ पुस्तामा हस्तान्तरण हुन्छ' हेरेराम भन्छन् । गाउँघरमा केही बुढापाकाले फाट्टफट्ट रूपमा आरन चलाएपनि युवा भने यसतर्फ आकर्षित छैनन् । सरकारले आरन व्यवसायीको व्यवस्थापन तथा संरक्षण गर्नसके, समयसापेक्ष आरन व्यवसायीको लगत संकलन गरी उनीहरूलाई आधुनिक तालिम, ज्याला निर्धारणका साथै आधुनिक औजार उपलब्ध गराएमा मात्र संकटमा परेको आरन व्यवसाय पुनः फस्टाउने दलित अधिकारकर्मी भक्तराज गजमेरको भनाई छ ।

# काँकडभिट्टा नाकाबाट ८ करोडको जडीबुटी निर्यात




झापा(प्रस) । पूर्वीनाका काँकडभिट्टाबाट आर्थिक वर्ष २०८०/८१ मा रु आठ करोड १० लाख १४ हजार बराबरको जडीबुटी निर्यात भएको छ ।काँकडभिट्टास्थित क्वारेन्टाइन कार्यालयका अनुसार चिराइतो, रिठ्ठा, मजिठो, चुत्रोको बोक्रा, अमला, सतिबयरलगायत वनजन्य उत्पादन निर्यात भएको हो । उक्त आवमा रु चार करोड ८० लाख ६० हजार बराबरको एक सय ६० मेट्रिक टन चिराइतो निर्यात भएको छ । ताप्लेजुङ, पाँचथर, इलाम, तेह्रथम, संखुवासभा, धनकुटा र भोजपुरमा चिराइतोको व्यावसायिक खेती हुँदै आएको छ ।

यसैगरी, सोही अवधिमा रु एक करोड ६५ लाख २० हजारको ८३ मेट्रिक टन मजिठो, ९६ लाख ९४ हजारको एक सय ५१ मेट्रिक टन रिठ्ठा, रु ११ लाख ३४ हजारको ११ मेट्रिक टन अमला, रु १२ लाख मूल्य बराबरको २४ मेट्रिक टन चुत्रो निर्यात भएको छ ।

# योजना आयोगको सदस्यमा दमककी अधिकारी

झापा(प्रस) । मन्त्रिपरिषद्ले राष्ट्रिय योजना आयोगको उपाध्यक्षमा प्राध्यापक डा. शिवराज अधिकारीलाई नियुक्त गरेको छ । अधिकारी यसअघि योजना आयोगका सदस्य थिए । पाल्पाका अधिकारीले त्रिवि अर्थशास्त्र विभागको प्रमुखको रुपमा पनि उनले जिम्मेवारी



सम्हालिसकेका छन् । सञ्चार तथा सूचना प्रविधिमन्त्री तथा सरकारका प्रवक्ता पृथ्वीसुब्बा गुरुङका अनुसार आयोगका सदस्यहरुमा डा. आरती बिछार, डा. रमेश प्रसाद सिंह, डा. प्रकाशकुमार श्रेष्ठ, गीताकुमारी पौडेल अधिकारी, डा. जयबहादुर टण्डन र गंगादत्त अवस्थीलाई पनि नियुक्त गरिएको छ । गीताकुमारी पौडेल अधिकारी दमक नगरपालिकाकी पूर्व उपप्रमुख हुन् ।

# प्राधिकरणको नेतृत्व दोषी -सांसद

झापा(प्रस) ।सांसदहरुले मुलुकको हवाई सुरक्षामा गम्भीर लापरबाही गरेको भन्दै नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणको नेतृत्वप्रति चर्को असन्तुष्टि व्यक्त गरेका छन् । विमान दुर्घटना हुने क्रम बढेको उल्लेख गर्दै उनीहरुले देशको छविसँग पनि जोडिएको संवेदनशील विषयमा प्राधिकरण नेतृत्व र सरोकारवाला टुलुटुलु हेरिरहन नहुने धारणा राखे । प्रतिनिधिसभाअन्तर्गतको अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको बिहीवार भएको बैठकमा सांसदहरुले बुधवार भएको सौर्य एयरलाइन्सको विमान दुर्घटनासहित हालसम्म भएका विमान दुर्घटना र मानवीय क्षतिबारे कसले जिम्मा लिने भनी प्रश्न उठाएका हुन् । साथै सांसदहरुले प्रत्येक विमान दुर्घटनापछि छानबिन समिति बन्ने र समितिको प्रतिवेदन कार्यान्वयन नहुने प्रवृत्ति देखिएको भन्दै विमान दुर्घटनाबारे निष्पक्ष छानबिन गरी दोषीउपर कडा कानुनी कारबाही गर्नसमेत माग गरे । सांसदहरुले दुई अन्तर्राष्ट्रिय विमानस्थल गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको प्रभावकारी सञ्चालनका लागि पनि सरकारको ध्यानाकर्षण गराए ।

सांसद उदयशमशेर जवराले विमान दुर्घटनाको जिम्मेवारी प्राधिकरण नेतृत्वले लिनुपर्ने बताए। प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारी नेतृत्वमा आएपछि विभिन्न विमान दुर्घटनामा एकसय भन्दा बढीको मृत्यु भएको भन्दै उनले बुधवारको सौर्य एयरलाइन्सको विमान दुर्घटनामा पनि प्राधिकरणको गम्भीर लापर्बाही रहेकाले जिम्मेवार पदाधिकारीलाई कानुनी दायरामा ल्याउन सरकारसमक्ष माग गरे ।

हरेक विमान दुर्घटनापछि जाँचबुझ आयोग गठन हुने र प्रतिवेदन कार्यान्वयन नहुने प्रवृत्ति रहेको भन्दै यसप्रति सरकार गम्भीर हुनुपर्ने धारणा राखे । नियामक प्राधिकरण र नेपाल वायुसेवा निगमबीच दोषारोपण गरेर मुलुकको हवाई सुरक्षामा गम्भीर लापर्बाही गरेको उनको भनाइ छ ।'हवाई सुरक्षालाई छुट्टै नियमनका रुपमा अगाडि नबढाउँदासम्म हवाई सुरक्षा बलियो हुँदैन त्यसैले जाँचबुझ आयोगको अध्ययनपछि कार्यान्वयनमा लैजानुपर्छ', उनले भने ।

सांसद शिशिर खनालले मुलुकको हवाई सुरक्षा पेचिलो बन्दै गएको भन्दै विमान दुर्घटनामा जिम्मेवार निकायलाई कानुनी दायरामा ल्याउनुपर्ने खाँचो औंल्याए । उनले प्राधिकरणको वर्तमान नेतृत्वको साढे दुई वर्षमा भएका सात दुर्घटनामा परी दुई सय १८ जनाको मृत्यु भएको भन्दै विमान दुर्घटनाको नैतिक दायित्व र जिम्मेवारी लिनुपर्ने जिकिर गरे । 'एयर सेफ्टी एजेन्सी र नेतृत्वमा समस्या छ भन्ने अध्ययनले देखाएको छ । बारम्बारको विमान दुर्घटना र मानिसको निधनप्रति नैतिक जिम्मेवारी लिनुपर्छ', सांसद खनालले भने ।

सांसद सुदन किरातीले समग्र हवाई सुरक्षा प्रणालीको सुधारका लागि प्राधिकरण विभाजन विधेयक अगाडि बढाइनुपर्ने बताए । सांसद हरिप्रसाद उप्रेतीले हवाई सुरक्षा अभिवृद्धिमा सबैको ध्यान जानुपर्ने खाँचो औँल्याए ।

सांसद हितबहादुर तामाङले अन्तर्राष्ट्रिय विमानस्थलको प्रभावकारी व्यवस्थापन गरिनुपर्ने बताए । सांसद विमलेन्द्र निधिले जसरी पनि युरोपियन युनियन (इयू)को सुरक्षा सूचीबाट हटाउन पहलकदमी गरिनुपर्ने बताए । समितिका सभापति राजकिशोर यादवले मुलुकमा बारम्बार भइरहेका विमान दुर्घटनाले गम्भीर सुरक्षा लापर्बाही भएको भन्दै नियामक प्राधिकरणको ध्यानाकर्षण गराए ।

# भट्टराई वाणिज्य संघको विशिष्ठ सदस्य



झापा(प्रस) । बितामोड उद्योग वाणिज्य संघको विशिष्ठ सदस्यमा निर्मल भट्टराई मनोनित भएका छन् ।

विधान २०७३ को परिच्छेद नं. ३ को दफा ६.१ को उपदफा "घ" मा व्यवस्था भएअनुसार संघको कार्यकारिणी समितिको बिशिष्ठ सदस्यमा भट्टराईलाई मनोनयन गरिएको संघले जनाएको छ । बिहीवार बसेको संघको कार्यसमितिको बैठकले निर्मल स्टोरका प्रोप्राइटरसमेत रहेका भट्टराईलाई वाणिज्य संघको विशिष्ठ सदस्यमा मनोनित गरेको संघका अध्यक्ष राजु न्यौपानेले जानकारी दिए ।

बिर्तामोडका युवा व्यवसायी भट्टराई नेपाल अलैंची ब्यवसायी महासंघका केन्द्रीय अध्यक्ष हुन् । उनी एभरेष्ट लार्ज कार्डमम इन्डष्ट्रीका अध्यक्षसमेत रहेका छन् । बिर्तामोड ५ निवासी भट्टराई विभिन्न सामाजिक संघ संस्थामा समेत क्रियाशील छन् ।

# कोठाभित्रै मृत भेटिए डाक्टर यादव




झापा(प्रस) । मोरङको उर्लाबारी–५ स्थित अरनिको अस्पतालमा कार्यरत ३५ बर्षिय डाक्टर मनिषकुमार यादव बिहीवार बिहान मृत फेला परेका छन् । अस्पताल पछाडि डेरामा बस्दै आएका यादव कोठामै मृत भेटिएका हुन् ।

बिहान अबेरसम्म कोठा नखुलेपछि अस्पताल, छरछिमेकी सबै भएर बोलाउँदासमेत नबोलेपछि प्रहरी बोलाइएको थियो । कोठा भित्रबाट चुकुल लगाएका कारण प्रहरीले आएर यादवको परिवारमा सम्पर्क गरेको थियो । यादवका भेना आएपछि बिहान ८ बजे ढोका फुटाएर हेर्दा यादव मृत अवस्थामा भेटिएको अरनिको अस्पतालका अध्यक्ष लोलिम पोमुले बताए । धनुषा औरही गाउँपालिका–१ का यादव डेढ वर्षयता अरनिको अस्पतालमा रेडियोलोजिस्टका रूपमा कार्यरत थिए। । मृतकको शव आफन्तले पोष्टमार्टमका लागि धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा लगेको इलाका प्रहरी कार्यालय उर्लाबारीले जनाएको छ ।

मानसिक रोगको औषधि सेवन गर्दै आएका डा. यादव केही दिन अघिदेखि एक्लै बस्दै आएका थिए । अविवाहित यादवले झुक्किएर औषधि डबल खाएको हुनसक्ने आशंका गरिएको छ । घटनाको अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय उर्लाबारीले जनाएको छ ।

## हेलमेटभित्र...

लागूऔषधसहित प्रहरीले ७ जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ । बुधवार अपरान्ह अस्थायी प्रहरी पोष्ट रेल्वेबाट खटिएको प्रहरीको टोलीले धरान उप-महानगरपालिका-११ घर भएका २१ बर्षीय अर्जुन बराईलीको कोठाबाट ट्रामाडोल २४ सय २० क्याप्सुल फेला पारी उनलाई नियन्त्रणमा लिएको थियो ।

यसैगरी जिल्ला प्रहरी कार्यालय सुनसरीबाट बुधवार दिउँसो बिशेष सूचनाको आधारमा खटिएको प्रहरी टोलीले इनरुवा नगरपालिका-४ मा लागूऔषधको कारोबारमा संलग्न धनकुटा नगरपालिका-६ का ३० बर्षीय प्रितम राई, ३६ बर्षीय अमिर सुब्बा र इनरुवा नगरपालिका-४ का ३२ बर्षीया लिलादेबी यादवलाई ७ ग्राम ४ मिलिग्राम ब्राउनसुगरसहित नेपाली रुपैयाँ १ लाख ५ हजार र बा.१३ च २८५५ नम्बरको स्कोरपियो गाडीसमेत नियन्त्रणमा लिएको छ । त्यसैगरी बुधवार साँझ जिल्ला प्रहरी कार्यालय धनकुटाबाट खटिएको प्रहरीको टोलीले पाखिबास नगरपालिका-३ का २७ बर्षीय सरोज तामाङ र २३ बर्षिय पवन बस्नेतलाई ९३५ मिलिग्राम ब्राउनसुगरसहित धनकुटा नगरपालिका-१ त्रिशुलेबाट नियन्त्रणमा लिएको छ । प्रतिबन्धित लागूऔषधसहित पक्राउ परेका सबैजनाको सम्बन्धित प्रहरी कार्यालयहरुबाट थप अनुसन्धान भइरहेको कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ ।

## ठूलो ...

बुद्ध विहार मार्गमा बेवारिसे अवस्थामा रहेको बीआर ११ पीसी ५०१६ नम्बरको भारतीय गाडीलाई शंका लागेर चेकजाँच गर्दा गाडीभित्र रहेको ५ वटा झोलामा १ सय ४५ किलोग्राम गाँजा बरामद भएको थियो ।

बरामद गाँजा र गाडीको सम्बन्धमा जिल्ला प्रहरी कार्यालय मोरङबाट थप अनुसन्धान भइरहेको कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ ।

जनहितमा जारी सूचना

नगरपालिकालाई बुझाउनुपर्ने घर, जग्गा र मालपोत दस्तुर व्यवसाय कर लगायत कर नियमित तिरौं ।

जन्म, मृत्यु, बसाइसराइ जस्ता व्यक्तिगत घटना ३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।

सार्वजनिक सम्पत्ति संरक्षणमा नगरपालिकालाई सहयोग गरौं ।

बिर्तामोड नगरपालिका
बिर्तामोड, झापा, कोशी प्रदेश

Admission Open
in Class 11
Both in English & Nepali Medium
Science | Management | Education | Arts
with Computer Science



Shree Mahendra Ratna Secondary School
Birtamode-3, Jhapa, Nepal
023-530173, 9842655530, 9842698858, 9852641101

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

सम्पादकीय

# नेपाललाई असुरक्षित नबनाऊ

नेपालमा फेरि विमान दुर्घटना भएको छ। बुधबार बिहान ११ बजेर ११ मिनेट जाँदा काठमाडौंबाट पोखराका लागि उडेको सौर्य एयरलायन्सको सिआरजे ७-९एनएएमई जहाजले विमानस्थल छाड्नेबित्तिकै पूर्वतिर मोडिई जमिनमा बज्रँदा भएको आगलागीबाट १८ जनाको मृत्यु हुनपुगेको छ। संयोगले विमानका क्याप्टेन भने बाँच्न सफल भएका छन्। नेपाल नागरिक उड्डयन प्राधिकरणका अनुसार विमानमा हुने नियमित 'सी' वर्गको जाँचका लागि पोखरास्थित अन्तर्राष्ट्रिय विमानस्थलमा लैजाने तयारीस्वरूप यो उडान भरिएको थियो, जसमा अधिकांश एयरलाइन्सकै कर्मचारी, प्राविधिक थिए। विमानस्थल परिसरमै घटित दुर्घटनामा उद्धार कार्यमा किन पर्याप्त हतारो देखाइएन? लगायत यावत् प्रश्नहरू पनि यतिबेला उठेका छन्। त्यसो त प्रधानमन्त्री केपी शर्मा ओली, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डेलगायत मन्त्री, अधिकारीहरू दुर्घटनास्थलमा पुगेर चासो व्यक्त गरिसकेका छन्। सरकारले यसका लागि छानबिन समिति समेत बनाइसकेको छ। नेपालमा सबैभन्दा ठूलो मानवीय क्षति सन् १९९२ सेप्टेम्बर २८ मा भएको थियो। कराँचीबाट काठमाडौं आउँदै गरेको पाकिस्तान एयरलाइन्सको यो विमान ललितपुरको भट्टेडाँडामा दुर्घटना भएको थियो, जहाँ एकसाथ १६७ जनाको ज्यान गएको थियो। त्यसको एक महिना मात्र अघि ३१ जुलाईमा थाई एयरको विमान लाङटाङ राष्ट्रिय निकुञ्जमा दुर्घटना हुँदा ९९ जनाको मृत्यु भएको थियो। तथ्यांक भन्छ, नेपालमा गएको ६२ वर्षयता हवाइजहाज र हेलिकोप्टरका सानाठुला गरी सयभन्दा बढी दुर्घटना भएका छन्, जसमा ९५० भन्दा बढीले ज्यान गुमाएका छन्।

एक वर्षअघि मात्र २०२३ जनवरी १५ मा काठमाडौंबाट पोखरा उडेको यति एयरलाइन्सको विमान पोखरा विमानस्थलतर्फ नगई सेतीको खोचमा दुर्घटना हुँदा ७२ जनाको मृत्यु भएको घटना र त्यसअघि २०१८ मार्च १२ मा युएस-बाङ्ला एयरलाइन्सले त्रिभुवन विमानस्थलमा 'अप्रोच' बिराउँदा ७१ मध्ये ५१ जनाको ज्यान गएको घटनाको घाउ दुखिरहेकै बेला भएको यो दुर्घटना मुलुकका लागि अर्को विडम्बना बनेको छ। खासगरी भू-बनोट र बदलिरहने मौसमका कारण नेपाल यसै पनि हवाई उडानका लागि जोखिमपूर्ण देश मानिन्छ। हिमाली र पहाडी क्षेत्रमा भएका अधिकांश दुर्घटनामा यी प्रमुख कारण भए पनि त्यसबाहेक थुप्रै दुर्घटनामा अक्षम सरकारी अधिकारी, व्यापारिक स्वार्थ र चालक दलकै कमजोरी मुख्य देखिन्छ। उदाहरणका लागि युएस-बाङ्ला विमान दुर्घटनामा मानसिक समस्याग्रस्त पाइलटको लापरबाही दोषी पाइएको थियो भने सन् २०१९ फेब्रुअरी १७ मा पर्यटनमन्त्री रवीन्द्र अधिकारी लगायत सात जनाको ज्यान जानेगरी ताप्लेजुङमा भएको एयर डाइनेस्टीको हेलिकोप्टर दुर्घटनामा मौसमसँगै पाइलटको अपरिपक्व निर्णय पनि जिम्मेवार बताइएको छानबिन प्रतिवेदनमा उल्लेख छ। यसपटक पनि पहिलेजस्तै छानबिन समिति बनेको छ। दुर्घटनाका कारणसँगै थुप्रै पक्षबारे छलफल हुनेछ, भविष्यमा हुनसक्ने जोखिम न्यूनीकरणका लागि अपनाइनुपर्ने विधिबारे पनि निर्देशन, सुझाव दिइनेछ। तर, यहाँ गरिनुपर्ने सबैभन्दा अहम् प्रश्न भनेको 'नेपाल किन विमान दुर्घटनाको देश बनिरहेको छ' भन्ने हो।

# नयाँ समीकरणले उब्जाएका प्रश्न र हाम्रो जिम्मेवारी



• डोरप्रसाद उपाध्याय 'निर्मलकुमार'

यतिबेला नेपाली राजनीति चर्चाको शिखरमा छ । विश्वास-अविश्वास, धोका-प्रतिधोका र प्रतिशोधको बाक्लो तुवाँलोभित्र नयाँ सरकार बनेको छ । सरकारमा पुग्नेहरू 'पासा' पल्टाएकामा उधुम दङ्ग छन् । उनीहरूलाई देश कमजोर बन्दै गएको, अर्थतन्त्र ओरालो झरेको, राजनीतिक अस्थिरता बढेकामा कुनै चिन्ता छैन, उल्टो जालझेल र षड्यन्त्रका माध्यमबाट 'ओलिटिक्स' लागु भएकामा औसतभन्दा बढी खुसी देखिन्छन् ।
अझ मौजुदा संविधानमा संशोधन गरेर संविधानसभाबाट बनेको संविधानको मूल 'स्प्रिट'लाई कमजोर बनाउने र माओवादी आन्दोलनका उपलब्धिमाथि कुठाराघात गर्ने र कहीँकतैबाट माओवादी जनयुद्धको गन्ध समेत नआओस् भनेर बदनियतपूर्वक संविधान संशोधनको कपटपूर्ण लिखत गरिएको छ । यो लिखत गुलियो चकलेटभित्र लुकाइएको विष हो भन्ने वर्तमान प्रधानमन्त्री ओलीजीको पछिल्लो संसद्को भनाइ र विगत हेरे मात्र पुग्छ ।
पटकपटक संसद्मा उहाँले बोलेको जालसाजीपूर्ण अभिव्यक्ति, जनयुद्ध र गणतन्त्रप्रतिको उहाँको तुच्छ टिप्पणीजस्ता प्रतिगामी चिन्तन बोकेर यो समीकरणको नेतृत्व गरेकाले नै अहिले यो समीकरणप्रति जनताको आशंका बढ्दै गएको हो । अझ सामान्यतया लोकतन्त्रमा संसद्को पहिलो र दोस्रो ठुलो दल मिलेर सरकार बनाउने परम्परा नै छैन । त्यसमा पनि नकारात्मक सोच, निषेधको राजनीति र बदलाभावको चरम मनोवृत्ति बोकेर हिँड्ने मान्छेहरूको मुख्य धन्दा नै प्रतिशोध लिने हुन्छ । त्यो प्रवृत्ति अधिनायकवाद हो । हामी त्यो अधिनायकवादलाई पछ्याएर होइन, जनताको सेवक बनेर समाजवाद र समृद्धिको यात्रा तय गर्न सक्ने महानायक बन्न सक्नुपर्छ ।

संसदीय राजनीतिमा सरकार फेरबदल हुनु स्वाभाविकै मानिन्छ । बहुमत पुऱ्याउन सक्नेले नै सरकार गठन गर्ने हो । यसमा अन्यथा मान्नुपर्ने केही छैन । तर यो समीकरणको नियत, उद्देश्य र गठन अवस्था हेर्दा यो सामान्य लाग्दैन । अझ कथित सातबुँदे सहमतिको अन्तर्वस्तु, समय र परिस्थिति शंका गर्ने लायक नै छ । त्यसकारण नयाँ सरकार बनेकामा कुनै आपत्ति छैन तर प्रत्येक राजनीतिक घटना क्रममा प्रतिगमनको नेतृत्व गरेकाहरूकै नेतृत्वमा सरकार बन्नु हाम्रो चिन्ता, चासो र खबरदारी मात्र हो । सरकार आफ्नो अनुकूल चलाउन नपाए जुनसुकै बेला संसद विघटन गर्ने र मुलुकलाई अस्थिरताको भुमरीमा धकेल्ने कुचेष्टा गर्ने प्रवृत्तिका सामु कांग्रेससँग मुलुकको अस्थिरताको साक्षी बनेर विघटनको आरोप खेपेर बस्नेबाहेक अरु विकल्प बच्ने छैन ।

हाम्रो बहस कांग्रेससँग सहकार्य गर्दा ठिक कि एमालेसँग मिल्दा भन्ने होइन । यस्ता बहसले पार्टीलाई कमजोर बनाउँछ र पार्टी आत्मनिर्भर बन्ने बाटोबाट चिप्लिन्छ । त्यस कारण कोसँग मिल्दा सरकारमा गइन्छ भनेर होइन कोसँग मिल्दा पार्टी ठुलो र अग्रगमनको साधक बन्न सक्छ भनेर सोच्न सक्नुपर्छ ।
अहिले बनेको नयाँ समीकरण समाजवाद र समृद्धिको यात्रा तय गर्न बनेको होइन भन्ने कुरा उनले संसद्मा पेस गरेका कतिपय मिथ्यांकले पनि साबित गर्दछ । यो गठबन्धन माओवादीलाई समाप्त पार्ने षड्यन्त्रमा आधारित छ भन्ने दुई दलीय लोकतन्त्र भन्ने शंकर पोखेलको अभिव्यक्तिबाटै प्रस्टै छ । अझ 'स्थिरता र राष्ट्रिय सहमतिको' सरकारको झुटो नारा दिएर यो गठबन्धनले गरेको भ्रमको खेतीबाट दायाँतिर इन्डिकेटर बालेर आफ्नो गाडी बायाँ मोड्ने अनि देश दुर्घटनामा पार्ने षड्यन्त्र लुकेको सहजै अनुमान गर्न सकिन्छ ।

विगतमा गरेको असंवैधानिक संसद विघटनलाई अहिले पनि सत्य साबित गर्न अनेक प्रपञ्च गरिरहनु, दलाल नोकरशाही पुँजीवादलाई आफ्नो पुँजी ठान्नुले अब उनीहरूले माओवादी आन्दोलन र नेतृत्व कमजोर अनि बदनाम बनाएपछि माओवादी आन्दोलनका एजेन्डामाथि प्रहार केन्द्रित गर्न सकिन्छ भन्ने दाउपेचमा रहेर संविधान संशोधनको पछिल्लो सातबुँदे ' तमसुक' गरिएको छ । माओवादी नेतृत्व, माओवादी एजेन्डा बदनाम र समाप्त पारेपछि माओवादी आन्दोलन र तिनका नेताहरूलाई अपराधीकरण गरी माओवादीलाई पूर्ण रूपमा विघटन गर्ने 'ओलिटिक्स'को नयाँ रणनीति रहेको प्रस्टै छ । उनीहरू सुशासन विरुद्धका सयौँ काण्डबाट मुछिएका छन् । शरणार्थी काण्ड, यति-ओम्नी काण्ड, गिरिबन्धु चिया बगान काण्ड, टीकापुर जग्गा काण्ड, सत्तरी करोडको बास्कोटा काण्ड अहिले देखिएका काण्ड हुन् । यिनीहरूका नेताहरूका चरित्रसम्बन्धी काण्डहरू पनि बेला-मौकामा सार्वजनिक हुने गरेका छन् ।

यति धेरै काण्डमा मुछिएर अझ चरित्र र सुशासनको डंका पिट्न छाडेका छैनन् । उनीहरूले संसद्मा उभिएर बोल्ने सफेद झुट र कपटपूर्ण अभिव्यक्तिहरूले नेपाली जनमानसमा निराशा, घृणा र अविश्वासको नकारात्मक सूचकांकको ग्राफ बढ्दै गएको छ । त्यसैले यो समीकरण माओवादी विघटन गराउने नयाँ चालबाजी मात्र हो भनेर बुझ्न जरुरी छ । यही कुरा बुझ्न नसक्दा कतिपयले अहिले पनि एमालेसँगको लगनगाँठो कसिरहन चाहन्छन् ।

सिंहदरबारमा बिचौलिया समाजवादको पक्षपोषण गर्ने समाजवादका नयाँ दलालहरूबाट गरिएका रिपोर्ट, फाइल सदर गर्दा गरिएका आर्थिक लेनदेन, निजी सचिवालयबाट गरिएका अराजनीतिक हर्कतलाई नै भनिन्छ, सत्ता राजनीतिको अराजनीति ।

एमाले माओवादीसँग सम्मानजनक एकता होइन, अपमानपूर्ण विलय चाहन्छ । अब हामी माओवादीका सामु दुईवटा विकल्प मात्र बचेका छन् । या त अपमानपूर्ण रूपमा भए पनि विलय वा विघटन हुने अथवा पुराना कमी-कमजोरी सच्चाएर पार्टी पुनर्गठन गर्ने ? पार्टीका लागि यो एउटा यक्ष प्रश्न हो । विगतमा हाम्रा कार्यशैलीमा कहाँ कहाँ भयो कमजोरी ? यसबारे संक्षिप्तमा चर्चा गरौँ । यसले सच्चिन मद्दत नै गर्छ ।

अहिले मुलुकको बागडोर दलालहरूकै हातमा छ र हिजो पनि थियो । हिजो सरकारमा गएकाहरू पनि बिचौलियाहरूको धन्दाको घेरा तोड्न नसकेर 'अन्तिम भोज'मा रमाएजस्तै थियो । संविधान नै उल्टाउन खोज्नेहरू त प्रतिगामी नै भए तर संविधानको कुरा गरेर आन्दोलनमा कुनै योगदान नै नभएका आफन्त, परिवारजन, रकम लेनदेनबाट नजिक बनेकाहरू, व्यक्तिगत लाभ लिन दिन सक्ने पात्र र प्रवृत्ति छान्ने चलन सिंहदरबारमा कायमै राख्नुले त्यसलाई अग्रगमन भनेर कसरी बुझ्ने ? दलाल नोकरशाही र बिचौलियाका लागि सिंहदरबारको ढोका खुला राखेर आफ्नो वर्ग र निष्ठालाई अपहेलित गर्ने सोच जनयुद्धमा थिएन । सिंहदरबारमा आसीन हुँदाबित्तिकै यस्तो खराब चिन्तन कहाँबाट पैदा हुन्छ ? सिंहदरबारमा बिचौलिया समाजवादको पक्षपोषण गर्ने समाजवादका नयाँ दलालहरूबाट गरिएका रिपोर्ट, फाइल सदर गर्दा गरिएका आर्थिक लेनदेन, निजी सचिवालयबाट गरिएका अराजनीतिक हर्कतलाई नै भनिन्छ, सत्ता राजनीतिको अराजनीति । अराजनीतिभित्रको राजनीति यस्तै हुन्छ । राजनीतिलाई वर्ग निष्ठा र आदर्शमा हिँडाउने हो भने आचरण, कार्यशैली र प्रवृत्ति बदल्नुपर्छ र बलियो पार्टी निर्माण गरेर एजेन्डाको आधारमा संसद्मा बलियो पकड बनाउन सक्नुपर्छ ।

यतिबेला क. प्रचण्ड निर्मम बन्न आवाश्यक छ । उहाँलाई सही सुझाव दिन सक्ने सहयोद्धा सारथिहरूको खाँचो छ । यसका लागि प्रचण्डको दायाँ-बायाँ बस्नेहरू गम्भीर हुन् जरुरी छ । त्यसो त मूल नेतृत्वले एकपटक आफैँले पनि समीक्षा गरेर सुधार गर्नुपर्ने प्रवृत्तिहरूको किटान, पहिचान र समाधानका उपाय खोज्न सक्नुपर्छ । मूल नेतृत्वमै सकारात्मक सोचसहित अघि बढ्न सकिएन भने यो पार्टी कहिल्यै विस्तार हुन सक्दैन ।

अझ त्यसैमा पनि गुट-उपगुट चलाएर आत्मरति लिने 'कामरेड'हरू भएपछि प्रतिक्रियावादीहरू खेल्ने नै भए । यति बेला हाम्रो बहस कांग्रेससँग सहकार्य गर्दा ठिक कि एमालेसँग मिल्दा भन्ने होइन । यस्ता बहसले पार्टीलाई कमजोर बनाउँछ र पार्टी आत्मनिर्भर बन्ने बाटोबाट चिप्लिन्छ । त्यस कारण कोसँग मिल्दा सरकारमा गइन्छ भनेर होइन कोसँग मिल्दा पार्टी ठुलो र अग्रगमनको साधक बन्न सक्छ भनेर सोच्न सक्नुपर्छ । सबै कुरा गुमाएर बदनाम भएर सरकारमा जानुभन्दा शक्ति आर्जन गरेर अग्रगमनको नायक बन्ने हिम्मत गर्न सक्नुपर्छ ।

पार्टी विस्तार गर्न सबभन्दा पहिले जहाँबाट पार्टी कमजोर बन्न पुग्यो, त्यही बिन्दुमा पुगेर एकपटक सोच्न सक्नुपर्छ । तिनको समीक्षा र कमजोरी सच्चाउन सक्दा मात्र पार्टीप्रति विश्वास बढ्दै जान सक्छ । हाम्रो आफ्नै आचरण कार्यशैली र स्वार्थ केन्द्रित व्यक्तिवादका कारण निष्ठाको आन्दोलन कमजोर हुन पुगेको तथ्यलाई पनि नजरअन्दाज गर्न मिल्दैन ।

आज माओवादी आन्दोलनको एजेन्डा मात्र होइन, समाज रूपान्तरणमा यसले खेलेको भूमिका गौरव गर्न लायक छ । माओवादी आन्दोलनको यो गौरवपूर्ण गाथालाई बचाउने जिम्मेवारी पनि माओवादीमै निहित छ । बदनाम गर्ने कि गौरवपूर्ण इतिहास जोगाउने माओवादीले नै सोच्नुपर्छ । अरुबाट त आक्रमण हुनु स्वाभाविक छ । त्यसैले सरकार षड्यन्त्रमूलक ढंगले फालिएको विरोध गर्नुपर्छ तर सरकार छाड्दाको छटपटी देखिने गरी गरिनु उचित हुँदैन । न कार्य सम्पादन न कार्यशैली भएपछि त्यो छटपटीमा सहानुभूति दिनेभन्दा नदिने धेरै हुन्छन् । नेतृत्वले यो कुरा बुझेकै हुनुपर्छ । पार्टी पुनर्निर्माणका लागि तत्कालीन र दीर्घकालीन गरी नयाँ तरिका खोजिनुपर्छ ।

अन्त्यमा तत्काल यस प्रकारका कार्यक्रम बनाएर जाँदा पार्टीलाई केही राहत हुन्छ भन्ने लाग्छ । एकपटक जनता र मतदातामा जाने कार्यक्रम निर्धारण गरी आ-आफ्नो निर्वाचन क्षेत्र सुनिश्चित गरौँ । सम्भावित योग्यता पुगेकाबाट आलोपालो मिलाउने प्रयत्न गरौँ । चुनावभन्दा बाहिर हुनेहरूबाट अन्य राजनीतिक नियुक्तिको व्यवस्था गरौँ । अनैतिक भ्रष्ट र खराब आचरण भएकाबाट पार्टी जोगाउन कोसिस गरौँ । कता मिल्दा आफ्नो मात्र स्वार्थ पूरा हुन्छ, त्यो नहेरौँ । पार्टीमा कार्य क्षमताका आधारमा कार्य विभाजन गरौँ । पार्टी सबैका लागि सुन्ने र सुनिने थलो बनाउने कोसिस गरौँ । टुटफुट र छरिएर रहेका कम्युनिस्ट घटकसँग साझा मुद्दामा सहकार्य र समीक्षासहित एकताका लागि पहल गरौँ । चाँडै धन कमाउनेतिर होइन, लाखौँ जनताको मन कमाउनेतिर सोचौँ ।

सरकारमा पुग्दा सम्बन्धित विभागलाई सक्रिय बनाएर सरकारलाई सफल बनाउन प्रयत्न गरौँ । मेरो पार्टी होइन, हाम्रो पार्टी भन्ने वातावरणको सिर्जना गरौँ । केन्द्रीय आयोगहरूको भूमिकालाई बढाएर सक्रिय पारौँ । सक्रिय प्रतिपक्षमा बसेर जनताको आबाज बुलन्द गरौँ । ०८४ मा पार्टी सबैले खोज्ने ठाउँमा पुग्नेछ । अन्यथा माओवादी एजेन्डा र आन्दोलनका उपलब्धि क्रमशः खोसिनेछन् र हामीले चाहेर पनि रोक्न सक्नेछैनौँ ।

# गरिबी निवारणका नीतिगत आयाम



• रमेश पाण्डेय

गरिबी बहुआयामिक विषय हो । यसलाई आर्थिक दृष्टिकोणबाट मात्र नहेरी अन्य आयामिक स्वरूपबाट समेत विश्लेषण गरी सम्बोधन गर्नुपर्ने हुन्छ । यसका लागि सरकारको एकाङ्गी प्रयासबाट मात्र सम्भव नहुने हुँदा अन्य शासकीय साझेदारको समेत उत्तिकै सक्रिय र सार्थक सहभागिता अपरिहार्य हुन्छ ।
आर्थिक, सामाजिक एवं अन्य पछौटेपनका कारण सामान्य जीवन जिउन नसक्नु वा आफ्नो आधारभूत आवश्यकता आफैँ पूरा गर्न सक्ने गरी आयआर्जन वा अन्य स्रोतसाधनको व्यवस्था गर्न नसक्ने अवस्थाको अनुभूति हुनु नै गरिबी हो । गरिबीले आय, आयु, साक्षरतालगायत अन्य आयाममा पछाडि परेको अवस्थालाई सङ्केत गर्छ । यस्तो अवस्थामा रहेका मानिस गरिब हुन् ।

गरिबीको मापन आम्दानीको आधारमा मात्र गर्दा अपुरो हुने हुँदा युएनडिपी र विश्व बैङ्कले मानवीय गरिबी सूचकाङ्क र मानव विकास सूचकाङ्कको प्रयोग सुरु गरेका हुन् । मानवीय गरिबीको सूचकाङ्कले गरिबीलाई औसत आयु, निरक्षरता, सुरक्षित खानेपानी सुविधा, स्वास्थ्य सेवामा पहुँच र बालकुपोषणको अवस्थाका आधारमा परिभाषित गर्नुले गरिबी बहुआयामिक विषय भएको पुष्टि हुन्छ ।

विसं २०३४ मा गरिएको घरधुरी सर्वेक्षणका आधारमा नेपालमा गरिबी ३३ प्रतिशत थियो । आयको समानुपातिक वितरण नहुनु, राजनीतिक कार्यसूचीले विकासका कार्यसूची पछाडि पर्नु, आमजनतालाई विकासको मूल प्रवाहमा समेट्न नसक्नु, विकासका प्राथमिकता निर्धारण हुन नसक्नु, मानव विकासमा अपेक्षित ध्यान दिन नसक्नु आदि कारणले मुलुकका बहुसंख्यक जनता गरिबीमा फसेका थिए । २०३४ सालमा ३३ प्रतिशत रहेको नेपालको गरिबी २०४९ सालमा ४९ प्रतिशत पुग्नुले यसको पुष्टि गर्छ ।

आर्थिक वर्ष २०४९-५० देखि लागु हुने गरी तर्जुमा गरिएको आठौँ योजनाका उद्देश्यमध्ये गरिबी घटाउने एक प्रमुख उद्देश्य रह्यो । यस अनुसार गरिबी निवारणको औपचारिक रूपमा राष्ट्रिय विकासको कार्यसूचीमा प्रवेश पाएको हो । नवौँ योजना (२०५४-५९) ले गरिबी निवारणलाई एक मात्र उद्देश्य परिमार्जित गरी दीर्घकालीन लक्ष्यसहित कार्यक्रम तर्जुमा गरेको थियो । यस योजनाले गरिबीलाई ३८ प्रतिशतमा झार्ने लक्ष्य तय गरेको देखिन्छ । आव २०५९-६० मा तर्जुमा गरी कार्यान्वयन गरिएको दसौँ योजनाले समेत नवौँ योजनाले जस्तै गरिबी घटाउनुलाई प्रमुख उद्देश्य बनाएको थियो । यसका लागि दसौँ योजनालाई गरिबी निवारणका लागि रणनीतिक रूपमा तर्जुमा गरियो । गरिबीलाई ३२ प्रतिशतमा झार्ने लक्ष्य लिइएकोमा आव २०६०-६१ मा गरिएको दोस्रो नेपाल जीवनस्तर सर्वेक्षणले गरिबी घटेर ३१ प्रतिशतमा पुगेको देखायो । पहिलो र दोस्रो सर्वेक्षणको आठ वर्षको अवधिमा गरिबी ११ प्रतिशतले घट्न थाल्नु उपलब्धि थियो तर सोही अवधिमा नेपालीको आय असमानतामा उल्लेख वृद्धि भई गिनी कोफिसेन्ट ०.०६ ले वृद्धि भई ०.४१ पुग्यो । यो चुनौतीको विषय थियो ।

एघारौँ त्रिवर्षीय योजनाले गरिबी ३१ प्रतिशतबाट झरेर २४ प्रतिशतमा पुर्याउने लक्ष्य लिएकोमा तेस्रो नेपाल जीवनस्तर सर्वेक्षणले गरिबी २५.२ प्रतिशतमा झरेको देखाएको छ । बाह्रौँ त्रिवर्षीय योजनाले २५.२ प्रतिशतमा रहेको गरिबीलाई २१ प्रतिशतमा झार्ने लक्ष्य तय गरेकोमा सो अवधिमा २३.८ प्रतिशतमा झर्यो । तेह्रौँ योजनाले गरिबी २३.८ प्रतिशतबाट १८ प्रतिशतमा झार्ने लक्ष्य राखेकोमा सो अवधिमा २१.६ प्रतिशतमा झर्यो । चौधौँ योजनाले गरिबीलाई २१.६ प्रतिशतबाट १७ प्रतिशतमा झार्ने लक्ष्य राखेको थियो । सो अवधिमा नेपालको गरिबी १८.७ प्रतिशतमा झर्यो । बहुआयामिक गरिबी सूचकाङ्क भने २८.६ प्रतिशत रहेको थियो । चौधौँ योजना संघीय स्वरूपको शासकीय व्यवस्थासहितको संविधान जारी भई त्यसमा अन्तर्निहित आर्थिक/सामाजिक सिद्धान्त कार्यान्वयन गर्ने पहिलो योजना थियो । दिगो विकास लक्ष्यहरू हासिल गर्दै २०८७ सालसम्म मध्यम आम्दानी भएको मुलुकको रूपमा स्तरोन्नति गर्ने गरी यो योजना तर्जुमा गरिएको थियो ।

पन्ध्रौँ योजनामा निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसंख्या १८.७ प्रतिशतबाट झरेर ९.५ प्रतिशतमा झार्ने लक्ष्य रहेको छ । बहुआयामिक गरिबीमा रहेको जनसंख्या २८.६ प्रतिशत (सन् २०१४) बाट ११.५ प्रतिशतमा झरेको हुने योजनाको लक्ष्य थियो । यसमा अलावा पाल्म रेसियो १.३ बाट १.२५ हुने र गिनी कोफिसेन्ट ०.३१ बाट ०.२९ मा घटेको हुने छ । गरिबी पहिचान सम्बन्धित राष्ट्रिय प्रणालीको विकास भई ७७ वटै जिल्लाका गरिब व्यक्ति तथा परिवारको पहिचान गरी परिचयपत्र वितरण गरिएको हुने जस्ता लक्ष्य थिए ।

सोह्रौँ योजनामा उल्लेख भए अनुसार नेपालमा कुल जनसंख्याको २०.३ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेका छन्, जसमध्ये सहरी क्षेत्रमा १८.३ प्रतिशत र ग्रामीण क्षेत्रमा २४.७ प्रतिशत छन् । नेपाल चौथो जीवनस्तर सर्वेक्षण, २०७९/८० ले पनि यही तथ्याङ्क देखाउँछ । बहुआयामिक गरिबी सूचकाङ्क, २०२१ अनुसार नेपालको बहुआयामिक गरिबी १७.४ प्रतिशत रहेको छ ।

सोह्रौँ योजनाले मुख्य सवाल तथा चुनौतीका रूपमा गरिबी तथा असमानताको नक्साङ्कन गरी लक्षित कार्यक्रम सञ्चालन, स्रोतसाधन माथिको पहुँच तथा लाभको वितरण समन्यायिक बनाउँदै गरिबी तथा असमानता न्यूनीकरण, सिप विकास र उद्यमशीलताको माध्यमबाट रोजगारी तथा स्वरोजगारीका अवसर सिर्जना, सामाजिक सुरक्षाका कार्यक्रमलाई एकीकृत र प्रभावकारी बनाउँदै जोखिम न्यूनीकरण, शासकीय प्रणालीमा समन्यायिक सहभागिता र प्रतिनिधित्व सुनिश्चितता जस्ता विषयलाई समेटेको छ । उक्त मुख्य सवाल तथा चुनौतीलाई सम्बोधन गर्न देहायका केही रूपान्तरणकारी रणनीतिहरूको पहिचानसमेत गरेको छ :

पहिचान गरिएका गरिब घरपरिवार लक्षित विशेष कार्यक्रम सञ्चालन गर्ने, स्रोतसाधन तथा सार्वजनिक सेवामा समतामूलक पहुँच स्थापित गरी गरिबी तथा असमानता न्यूनीकरण गर्ने, गुणस्तरीय शिक्षा र स्वास्थ्यको सुनिश्चित गर्ने, रोजगारीका अवसरको विस्तार गर्ने, सामाजिक सुरक्षाको दायरामा सबै नागरिकलाई आबद्ध गर्ने, जोखिम न्यूनीकरणका लागि बिमाको विस्तार गर्ने, पहुँच, प्रतिनिधित्व तथा क्षमता विकासको माध्यमबाट शासकीय प्रणालीमा लक्षित वर्गको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने रहेका छन् ।

नेपालमा गरिबी न्यूनीकरणका लागि विभिन्न नीति, रणनीति तथा कार्यक्रम तर्जुमा भई कार्यान्वयन तहमा पुगिसक्दा पनि गरिबीको रेखामुनि रहेका जनसंख्या लगभग २०.३ प्रतिशत हाराहारीमा अझै पनि छन् । देहायबमोजिमका गरिबी बढ्नुका कारणले गर्दा दिगो विकास लक्ष्यले तोकेबमोजिम सबै ठाउँबाट सबै प्रकारको गरिबी अन्त्य गर्ने

❖ बाँकी तेस्रो पृष्ठमा

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com



बिर्तामोडमा ८५ प्रतिशत धान रोपाइँ – यस वर्ष बिर्तामोडमा ८५ प्रतिशत रोपाइँ भएको नगरका कृषि प्राविधिक सुजित साहले जानकारी दिएका छन् । अधिकांश किसानहरुले रन्जित, जिरा मसिनो, विपी ११, हर्दिनाथ ११, राधा १२, रामधान, बहुगोडी २ जातका धान लगाएका छन् ।

# क्षतिपूर्तिको टुंगो नलागेसम्म शव नबुझ्ने

झापा(प्रस) । सौर्य एयरलाइन्सको जहाज दुर्घटनामा ज्यान गुमाएका व्यक्तिका आफन्तले क्षतिपूर्तिको टुंगो नलागेसम्म शव नबुझ्ने बताएका छन् । बिहीवार त्रिवि शिक्षण अस्पतालमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डेकै अगाडि उनीहरूले एयरलाइन्सले क्षतिपूर्तिको टुंगो नलगाएसम्म शव नबुझ्ने अडान लिएका हुन् ।

बिहीवार दिउँसो अस्पतालम मन्त्री पाण्डे, सौर्य एयरलाइन्सका एकाउन्टेबल म्यानेजर गोपाल भट्टराई र परिवारका आफन्तबीच




छलफल भएको थियो । छलफलका क्रममा एयरलाइन्सका प्रतिनिधि भट्टराईले 'रिजनेबल' क्षतिपूर्ति दिइने जनाए पनि रकम खुलाउन सकेनन् ।

मृतकका आफन्तले भने निर्णय गर्न सक्ने एयरलाइन्सका उच्च अधिकारी नै छलफलमा आउनुपर्ने बताएका थिए । मन्त्री पाण्डेले शुक्रबार दिउ ँसोसम्म सहमतिको प्रयास गरिने आश्वासन दिएका छन् । शुक्रबार दिउँसो २ बजेअघि मन्त्रालय, एयरलाइन्सका प्रतिनिधि र मृतकका आफन्तबीच अस्पतालमा छलफल हुने भएको छ ।

विस्तृत परीक्षण र मर्मत (सी-चेक) गर्न काठमाडौंबाट पोखराका लागि उड्दा उड्दै सौर्य एयरलाइन्सको विमान बुधवार काठमाडौं अन्तर्राष्ट्रिय विमानस्थलमा दुर्घटनामा परेको थियो । फेरि फ्लाइट (गैरव्यावसायिक उडान) मा रहेको सौर्य एयरको ५० सिट क्षमताको क्यानेडियन ' बमबार्डियर जेट सीआरजे-२००' विमान बुधवार दुर्घटना हुँदा १८ जनाको घटनास्थलमै मृत्यु भएको थियो । क्याप्टेन मनिषरत्न शाक्यलाई भने जीवितै उद्धार गरिएको छा शाक्यको अवस्था सामान्य रहेको अस्पतालले जनाएको छ ।

# मेचीनगरको राजस्व १३ करोड बढी

मेचीनगर(प्रस) । झापाको मेचीनगर नगरपालिकाले गत आर्थिक वर्ष २०८०/०८१ मा आन्तरिक आयतर्फ विभिन्न शीर्षकमा १३ करोड रुपैयाँ बढी राजस्व संकलन गरेको छ ।

कार्यालयको राजस्व उपशाखाका अनुसार नगरभित्रका १५ वटा वडा र नगरपालिकाको राजस्व उपशाखाबाट कुल विभिन्न ५० वटा करको शीर्षकमा १३ करोड ५२ लाख ५ हजार ८ सय ९७ रुपैयाँ राजस्व संकलन भएको हो ।

अघिल्लो आर्थिक वर्ष २०७९/०८० मा ११ करोड ६१ लाख २१ हजार ६ सय ९७ रुपैयाँ संकलन भएको थियो । जुन रकम आर्थिक वर्ष २०८०/०८१ को तुलनामा एक करोड ९० लाख ८४ हजार दुईसय रुपैयाँले कम हो ।




नगरका १५ वटा वडामध्ये सवैभन्दा बढी वडा नम्बर –६ ले एक करोड ७६ लाख २७ हजार ७ सय एक रुपैयाँ र सवैभन्दा कम वडा नम्बर – ५ ले २२ लाख ४९ हजार ८ सय ९१ रुपैयाँ संकलन गरेको छ । वडा नम्बर–६ पछि बढी राजस्व संकलन गर्ने दोस्रोमा वडा नम्बर –१० ले १ करोड ६३ लाख ९९ हजार ५ सय ४५ रुपैयाँ राजस्व संकलन गरेको राजस्व उपशाखाले जनाएको छ ।

वडा नम्बर –१ ले ३४ लाख ८९ हजार ७ सय ३ रुपैयाँ राजस्व संकलन गर्दा वडा नम्बर – २ ले ३६ लाख २७ हजार २ सय ५९ रुपैयाँ राजस्व संकलन गरेको छ । यसैगरी वडा नम्बर– ३ ले ३३ लाख ५१ हजार ६ सय ५ , वडा नम्बर –४ ले २६ लाख १७ हजार ३ सय ८२ , वडा नम्बर–७ ले ७७ लाख ७० हजार ३ सय १८, वडा नम्बर– ८ ले ५१ लाख ४३ हजार १ सय ९७ , वडा नम्बर – ९ ले ६८ लाख ५२ हजार ६ सय ६२ , वडा नम्बर –११ ले ३५ लाख ६६ हजार ५५ , वडा नम्बर १२ ले ३६ लाख ८६ हजार ६ सय ८९ , वडा नम्बर –१३ ले ६५ लाख ५२ हजार ८ सय ९० रुपैयाँ संकलन गरेको छ ।

यसैगरी, वडा नम्बर –१४ ले ४७ लाख ७९ हजार ८ सय २६ र वडा नम्बर– १५ ले ५९ लाख ४९ हजार ७ सय ६४ रुपैयाँ राजस्व संकलन गरेको राजस्व परामर्श समितिकी संयोजक एवम् नगर उपप्रमुख मीना पोखेल उप्रेतीले जानकारी दिइन् ।

उनका अनुसार सवैभन्दा बढी सम्पत्ति करतर्फ तीन करोड ४० लाख १९ हजार ६ सय ४५ रुपैयाँ संकलन भएको छ । दोस्रोमा अन्य सेवा शुल्कवापत दुई करोड ३१ लाख ९७ हजार तीन सय ८१ रुपैयाँ संकलन भएको छ । संकलित राजस्व नगरभित्रका १५ वटा वडा र नगरपालिकाको राजस्व उपशाखाबाट भएको हो । सम्पत्ति कर नगरपालिकाको राजस्व उपशाखाबाट मात्र ११ लाख ४२ हजार पाँच सय ८४ रुपैयाँ संकलन भएको छ । वडागत रुपमा सवैभन्दा बढी सम्पति कर संकलन गर्नेमा वडा नम्बर –१० ले ५९ लाख ७९ हजार ४३ र सबैभन्दा कम वडा नम्बर ५ ले सात लाख १६ हजार ६२ रुपैयाँ संकलन गरेको अभिलेख रहेको छ ।

व्यवसाय करतर्फ कुल एक करोड ५० लाख ९९ हजार सात सय ८७ रुपैयाँ संकलन भएको छ । त्योमध्ये १४ लाख ३६ हजार छ सय ७२ रुपैयाँ कार्यालयको राजस्व उपशाखामा जम्मा भएको हो । व्यवसाय करमा सवैभन्दा बढी वडा नम्बर – ६ ले ३८ लाख ९३ हजार सात सय ८८ र कम वडा नम्बर १० ले ३४ लाख ४० हजार सात सय ४२ रुपैयाँ संकलन गरेको संयोजक उप्रेतीले जानकारी दिइन् ।

नक्सा पास दस्तुरवापत कार्यालयको राजस्व उपशाखाले ९५ लाख ८५ हजार तीन सय ३२ रुपैयाँ संकलन गरेको छ । नक्सा पासको काम वडाहरुमा नहुने भएकाले कार्यालयको राजस्व उपशाखामा जम्मा हुने गरेको छ । सिफारिस दस्तुरवापत कुल दुई करोड तीन लाख ८७ हजार एकसय ४३ रुपैयाँ संकलन भएको छ । कार्यालयको राजस्व उपशाखाका प्रमुख प्रेमप्रसाद पराजुलीका अनुसार उक्त संकलित राजस्व नगरको राजस्व उपशाखा र १५ वटा वडाबाट संकलन भएको हो ।

कार्यालयले चालु आर्थिक वर्ष२०८१/०८२ मा प्रत्येक वडालाई ६० लाख रुपैयाँ बजेट दिएपनि आन्तरिक आयतर्फ बढी राजस्व संकलन गर्ने वडालाई थप ३० प्रतिशत रकम दिने वडा नम्बर ७ का वडाध्यक्ष प्रल्हादमणि ओलीले जानकारी दिए । वडाको भूगोल जनसंख्या तथा आन्तरिक आयतर्फ बढी राजस्व संकलन गर्ने वडालाई प्राथमिकतामा राखिएको उनको भनाई छ ।

चालु आर्थिक वर्ष २०८१ /०८२ को कुल बजेट दुई अर्ब पाँच करोड २९ लाख दुई हजार रुपैयाँमध्ये आयतर्फ आन्तरिक आम्दानी १६ करोड ७७ लाख रुपैयाँ अनुमान गरिएको छ ।

## गरिबी...

लक्ष्य कठिन पक्कै छ ।

गरिबी बहुआयामिक पक्ष हो, ' फ्याक्टर अफ इकोनोमी' मात्र होइन भन्ने परिभाषागत बुझाइमै कमी भयो । परिभाषागत बुझाइमै स्पष्टता नहुँदा हामीले अवलम्बन गरिरहेका गरिबी निवारणका विधिमै समस्या देखियो । गरिबी निवारण गर्ने उद्देश्य हरेक योजनामा परे तर गरिबी निवारणको सही विधिको प्रयोग गर्ने विषय सधैं गौण बन्यो । गरिबी निवारण विधिक प्रायः आम्दानी बढाउने सवालमा मात्र केन्द्रित भएको देखियो । यो बहुआयामिक पक्ष भएकाले यसका अन्य आयामसँग अन्तर सम्बन्धित विषयलाई सहकार्यात्मक ढङ्गबाट सम्बोधन गरिएन । हामीले अवलम्बन गरेको 'म्याक्रो इकोनोमी फ्रेमवर्क' नै ' एन्टी पोर' देखिएको छ । सरकारले गरिबी निवारणका लागि भनेर कार्यक्रम तर्जुमा गरेको छ, बजेट विनियोजन पनि भएको छ तर गरिबमुखी भएको देखिँदैन । टाठाबाठा केन्द्रित भएको छ । दिगो उच्च, फराकिलो र समावेशी आर्थिक वृद्धिको उद्देश्य हासिल गर्ने विधिमा सधैं अन्योल देखियो । असल शासन, न्याय, समता, विकास जस्ता सुशासनका गुणात्मक पक्षमा ह्रास आइरह्यो । गरिबी निवारणमा केन्द्रित रहेका माइक्रो इन्टरप्राइजेज दिगो भएनन् । प्रायः केही समयका लागि मात्र रोजगारी उपलब्ध भयो, सधैंका लागि हुन सकेन । गरिबीको रेखाभन्दा थोरै माथि रहेका जनसंख्या सामान्य उतारचढावले गर्दा गरिबीको रेखामुनि आउने सम्भावना रहिरह्यो । गरिबी निवारणमा सरकार मात्रै संलग्न भए जस्तै देखिएको छ । नागरिक स्वयम्कै साझेदारीका कार्यक्रम नगण्य मात्रामा छन् । कुनै पनि देशको गरिबी उक्त देशको आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक आदि पक्षको स्थिति कस्तो छ भन्नेमा भर पर्छ । सोही पक्षहरूको गहिराइ र सघन अध्ययनबाट मात्रै उक्त देशको गरिबी निवारणका उपायको खोजी गर्दा सान्दर्भिक हुन्छ । नेपालको सन्दर्भमा गरिबी निवारणका लागि विशेषतः म्याक्रो पोलिसी फ्रेमिङ र स्ट्रेनथेनिङ सोसिल सेक्युरिटीका विविध पक्षमा ध्यान दिँदा उपयुक्त हुन सक्छ । सोही सन्दर्भमा नेपालमा गरिबी निवारणका लागि देहायका उपाय अवलम्बन गर्न सकिन्छ :

म्याक्रो इकोनोमी पोलिसीमा सुधार गर्ने, पुँजी निर्माणका क्षेत्रमा लगानी बढाउने, उत्पादन र उत्पादकत्व वृद्धिमा जोड दिने, कृषिका आधुनिक पूर्वाधारको प्रयोग गर्ने, लगानीमैत्री वातावरण बनाई प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउने, नीतिगत छिद्रता पहिचान गरी नीतिगत सुधार गर्ने, वैदेशिक सहायतालाई रोजगारी सिर्जना हुने क्षेत्रमा लगानी गर्ने, रोजगारीले आयमा वृद्धि हुन्छ । व्यक्तिको आय बढ्दा क्रयशक्ति बढ्छ । क्रयशक्तिसँगै बचत बढ्छ । बचतले लगानी बढाउँछ । अन्ततोगत्वा व्यक्ति गरिबीको दुष्चक्रबाट निस्कन सक्छ । ज्यालामा बडोत्तरीले निम्नस्तरका जनताको स्वास्थ्य र जीवनस्तर उठाउन मद्दत गर्छ । लघुवित्तमार्फत ऋण प्रवाहमा पहुँच पुऱ्याइ बेरोजगारी र कमजोर आर्थिक स्थिति भएकालाई वित्तीय लगानीको सहजता हुन्छ ।

यसैगरी, खाद्य र पोषण सुरक्षामा जोड दिएर आवश्यकतामा आधारित कार्यक्रम सञ्चालन गर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी बनाउने, भत्ता, सार्वजनिक स्वास्थ्य र शिक्षाको प्रभावकारी प्रबन्ध गर्ने, सामाजिक बिमा, स्वास्थ बिमा जस्ता कार्यक्रमको प्रभावकारिता वृद्धि गर्ने, लघुवित्तमा सहज पहुँच, गरिबको सही पहिचान गरी लक्षित कार्यक्रमलाई प्रभावकारी तथा समन्वयात्मक रूपमा कार्यान्वयन गर्ने, गरिब घरधुरी परिवारलाई सामाजिक सुरक्षाको दायरामा ल्याउने, सरकारको खर्चमा पारदर्शिता र जवाफदेहिता वृद्धि गरी भ्रष्टाचार हटाउनु पर्छ । यसले अर्थतन्त्र बलियो हुन्छ ।

राष्ट्रमा स्वास्थ्य विमामा पहुँचको अवस्था भएमा सन् २०३० सम्म गरिबीको दुष्चक्रमा रहेकालाई हटाउन सकिन्छ । विप्रेषणबाट प्राप्त हुने रकम पुँजी निर्माणको क्षेत्रमा लगानी गरी रोजगारी सिर्जना गर्ने र उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, गरिबी निवारणको नीतिगत, कार्यक्रमगत र संस्थागत संरचनामै संरचनागत रूपान्तरण गर्ने, रोजागरी सिर्जना गर्ने उद्देश्यले ल्याइएका अनेकौं कार्यक्रमलाई एकीकृत गर्ने, गरिबी निवारण गर्ने विधिको स्पष्टता गर्ने र गरिबीकै परिभाषालाई पुनः परिभाषित गर्ने, गरिबी बहुआयामिक विषय हो भन्ने बुझाइ राख्ने आदि ।

गरिबी बहुआयामिक विषय हो । यसलाई आर्थिक दृष्टिकोणबाट मात्र नहेरी अन्य आयामिक स्वरूपबाट समेत विश्लेषण गरी सम्बोधन गर्नुपर्ने हुन्छ । यसका लागि सरकारको एकाङ्गी प्रयासबाट मात्र सम्भव नहुने हुँदा अन्य शासकीय साझेदारको समेत उत्तिकै सक्रिय र सार्थक सहभागिता अपरिहार्य हुन्छ ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
सम्पर्क: 9825952680 9816063266 9825952677 9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन वर्गीकृत विज्ञापन


अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान



वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७०२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** आज रोकिएका काम पुनः सुरु हुन सक्छन् । महिला वा मित्रबाट विशेष सहयोग

**वृष** आज जुक्तिको प्रयोग गर्न सके एकपछि अर्को अवसर आउने छ ।

**मिथुन** अधुरो या नयाँ कार्यको थालनी पनि हुनेछ । आर्थिक कारोबार भने कमजोर रहनसक्छ

**कर्कट** मालसामान हराउन सक्छ । सानातिना समस्यामा अल्झनुपर्नेछ ।

**सिंह** । रोकिएको धन हात पर्ला क्रोध, प्रतिशोध, रिसराग र उत्तेजना नियन्त्रण गर्नु राम्रो हुनेछ ।

**कन्या** आज अरुलाई प्रभावित पारेर काम बन्नेछ। न्यायिक कार्यमा सफलता मिल्नेछ ।

**तुला** सामान हराउने वा चोरी हुने सम्भावना छ । शुभचिन्तकहरूको सुझाव बेवास्ता गर्दा दुःख

**वृश्चिक** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर बढ्न सक्छ ।

**कुम्भ** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिन** आज कला, साहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ । पारिवारिक साथ सहयोग मिल्ने